आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषिविकास शाखा
राकमकर्णाली, प्रदेश, नेपाल ।
कर्णाली, प्रदेश, नेपाल ।

पत्र संख्या : ०७६।०७७ [कृषिविकास शाखा]
चलानी नं. :

# सूचना ! सूचना !! सूचना !!!

खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सम्बन्धि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०३।०८

प्रस्तुत विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेतको च. नं. १५५८ मिति २०७७।०२।२३ गतेको प्राप्त पत्रानुसार कोभिड १९ महामारीवाट विषम परिस्थति श्रृजना भई विश्वभर बन्दाबन्दी गरिएको कारण आम जनजिवन लगायत समग्र कृषि क्षेत्रमा यसको उत्पादन र वितरण प्रणालीमा समेत गम्भिर रुपले प्रभावित भएको हुँदा खाद्य सुरक्षामा तत्काल प्रतिकुल असर पर्न सक्ने भएकाले सो समस्या समाधान गर्न तरकारी खेतिका लागि प्लाष्टिक घर निर्माण, गह्रा सुधार र बाँझो वा वगर जग्गाको प्रयोग तथा खेर गैरहेका ऐलानी, बुट्यान, पर्ती जग्गाको प्रयोग लगायत सार्वजनिक जग्गाको समुचित प्रयोग गर्दै खाद्य सुरक्षा गर्ने उदेश्यले कर्णाली प्रदेश सरकारवाट अभियान मुलक खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम संचालन गर्न सशर्त बजेट सहित कार्यदिश प्राप्त भएकाले ईच्छुक कृषक समूह, रोजगार गुमेका व्यक्ति, विदेश तथा अन्य प्रदेशहरुवाट फर्किएका व्यक्ति, समूह / सहकारीमा आबद्ध सदस्य, कृषि उद्यमी तथा कृषि फर्मलाई खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रममा सहभागि हुनका लागि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएकोछ । सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस नगरपालिकाको कृषि विकास शाखामा तपशिलका कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

तपशिल

१) समूह र निजि फर्मको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२) समूह र सहकारीको हकमा कार्यक्रम माग गरिएको निर्णय प्रतिलिपी ।
३) निजि फर्म तथा कृषि सहकारीको हकमा गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) खेती गर्ने जग्गाको क्षेत्रफल खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५) सम्बन्धित वडाको सिफारीस ।
६) नागरिकताको प्रतिलिपी ।
७) वैदेशिक रोजगारवाट फर्किएको भए पासपोर्टको प्रतिलिपी ।
८) निवेदनमा रु. १०। को हुलाक टिकट सहित १ प्रति पासपोर्ट साइजको फोटो ।

कृषि विकास शाखा प्रमुख

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषिविकास शाखा
राकमकर्णाली, कर्णाली, प्रदेश, नेपाल ।

पत्र संख्या : ०७६।०७७ [कृषिविकास शाखा]
चलानी नं. :

लागत साझेदारीमा संचालन गरिने खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रमहरु यस प्रकार रहेका छन ।

| क्र. सं. | क्रियाकलाप | इकाई | संख्या | खर्च गर्न सक्ने नर्मस |
|---|---|---|---|---|
| १. | गह्रा निर्माण तथा सुधार | मानव श्रम प्रति रोपनी | ४ | ज्याला जिल्ला / स्थानिय दररेट अनुसार |
| २. | फलफुल रोपण कार्य | बेर्ना संख्या प्रति रोपनी | ३० | बेर्नाको सरकारी दररेट अनुसार तथा आयातित विरुवाको हकमा प्रमाणित बजार मूल्यको आधारमा |
| ३. | खाद्यान्न दलहन लगायतका बालीहरुको बीउविजन खरिद खर्च | प्रति रोपनी | १ | सरकारी दररेट वा डिलर दररेटका आधारमा रु. २,०००। नबढ्ने गरी |
| ४. | फलफुल रोपणका लागि खाडल खन्ने कार्य | मानव श्रम प्रति रोपनी | ५ | जिल्ला / स्थानिय दररेट अनुसार |
| ५. | कम्पोष्ट खाडल निर्माण | मानव श्रम प्रति रोपनी | ३ | जिल्ला / स्थानिय दररेट अनुसार |
| ६. | जैविक मल | के. जी. प्रति रोपनी | ६० | सरकारी दररेट वा डिलर दररेटका आधारमा रु. २,०००। नबढ्ने गरी |
| ७. | कृषि सामाग्री ढुवानी | पटक | १ | ढुवानी साधनको स्वीकृत दररेट अनुसार |
| | ट्क्याटर वा पावरटिलर लगाई बाँझो जग्गा खनजोत कार्य | पटक प्रति रोपनी | १ | जिल्ला / स्थानिय मेसिनरी प्रयोगको दररेट अनुसार |
| | मानव श्रम लगाई बाँझो जग्गा खनजोत कार्य | मानव श्रम प्रति रोपनी | ४ | जिल्ला / स्थानिय दररेट अनुसार |
| | ७२ (१२/६) वर्ग मिटरको प्लाष्टिक घर निर्माण कार्य | संख्या | ५ | लागत साझेदारीमा ५० प्रतिशत वा वढीमा रु. ६०,०००। सम्म प्रति प्लाष्टिक घरको लागि। |

कृषि विकास शाखा प्रमुख